Gov. Reg.No 149/053/054

# नेपाल मानव अधिकार संगठन

## HUMAN RIGHTS ORGANISATION OF NEPAL

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं
Central Office, Anamnagar, Kathmandu

Estd. 1988 A.D. (2045 B.S.)

४८/०७५

मिति-२०७५ /३/२८

डा.गोविन्द के.सीज्यू
वरिष्ठ चिकित्सक
त्रिविवि शिक्षण अस्पताल
हाल जुम्ला

विषय- एक्यवद्धता सम्वन्धमा ।

नेपाल मानव अधिकार संगठन प्रजातन्त्रको पुनर्स्थापनार्थ २०४५ सालमा स्थापना भई, निरन्तर लोकतन्त्र, मानव अधिकार र कानूनी शासनको संरक्षण, सम्वर्धन र विकाशका लागि कियाशिल रहेको व्यहोरा यहाँमा अवगतै छ ।

तपाईले विगत लामो समयदेखि स्वास्थ्य एवं चिकित्सा क्षेत्रको सुधार एवं उन्नतिका लागि लामो र कठिन लडाई लडिरहनु भएको विषय आज तपाई पश्चिम नेपालको जुम्ला जिल्लाको एतिहासिक सिन्जा उपत्यकामा आमरण अनसन वसिरहेको अवस्थामा पुनः स्मरण गर्न चाहान्छौं ।

तपाईले स्वस्थ्य क्षेत्रको सुधारका लागि उठाउनु भएका सवाल एवं मागहरुमा नेपाल मानव अधिकार संगठन र व्यक्तिगत रुपमा मैले सदैव एक्यवद्धता प्रकट गर्दै आएका छौं । संगठनको २०७५ असार २४ गते वसेको वैठकले डा. गोविन्द के.सी (तपाई)को आमरण अनसन /सत्याग्रहमा एक्यवद्धता प्रकट गर्ने र संगठनका अध्यक्ष ईन्द्र प्रसाद अर्याल (मलाई) एक्यवद्धता प्रकटगर्न जुम्ला (अनसन स्थल) पठाउने निणर्य गरेको समेत यहालाई जानाकारी गराउन चाहान्छौं ।

अन्तमा तपाईको जीवन आम नेपालीका लागि अति महत्वपूर्ण रहेको र तपाईका मागहरु स्वास्थ्य क्षेत्रको दीर्घकालिन हितमा छन् भन्ने विषय पुन दोहोर्याउदै तपाईको यो अभियानमा एक्यवता जाहेर गर्दछौं । धन्यवाद

भवदीय

ईन्द्र प्रसाद अर्याल
अध्यक्ष
नेपाल मानव अधिकार संगठन